☎ ४२००३६८

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (स्थानीय तह क्षमता विकास शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्याः ख-२.१३-(०८१/८२)-०२
चलानी नं. ८

मितिः वि.सं. २०८१ असोज २
ने.सं. ११४४ ञलाथ्व पूर्णिमा

**विषय: प्रशिक्षक प्रशिक्षण (ToT) कार्यक्रम सम्बन्धमा ।**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
(कोशी, मधेश, बाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदुर पश्चिम) प्रदेश ।

उपर्युक्त विषयको सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पत्र सङ्ख्या ०८१/०८२, चलानी नं. पं./सा.सु. २० मिति २०८१।०४।२३ को पत्रानुसार *व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई गुणस्तरीय र प्रभावकारी बनाउन स्थानीय पञ्जिकाधिकारीको क्षमता विकासका लागि स्थानीयस्तरमा नै व्यक्तिगत घटना दर्ता सम्बन्धी प्रशिक्षण प्राप्त प्रशिक्षकहरु तयार गर्ने उद्देश्यले विभागको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रममा प्रदेश सरकारका तालिम प्रदायक संस्थाहरुसँगको समन्वयमा व्यक्तिगत घटना दर्ता सम्बन्धी प्रशिक्षक प्रशिक्षण (ToT) कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम रहेको हुँदा प्रदेश सरकारका सम्बन्धित निकायमा आवश्यक समन्वय गरिदिन* लेखी आएकोले तहाँ अन्तर्गत रहेका प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान/प्रदेश प्रशिक्षण प्रतिष्ठान/प्रदेश सुशासन केन्द्रहरुलाई आवश्यक निर्देशन तथा समन्वय गरिदिनुहुन प्राप्त पत्रको प्रतिलिपी सहित पठाइएको बेहोरा अनुरोध छ।

(चन्द्र सिंह श्रेष्ठ)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग,
सिंहदरबार, काठमाडौं ।
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, बबरमहल काठमाडौः- *सबै प्रदेशका प्रदेश सुशासन केन्द्र/तालिम प्रदायक निकायहरुमा आवश्यक जानकारी तथा समन्वय गरिदिनु हुन ।*

श्री सूचना प्रविधि शाखाः *वेबसाइट/पोर्टलमा अपलोड गरिदिन हुन ।*

नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(पञ्जीकरण शाखा)

फोन : ४४११५६, ४४६४६८, ४४६२०५, ४२००८१
फ्याक्स : ४२०००९
सिंहदरबार काठमा
Website : www.donidcr.gov.n
E-mail : info@donidcr.gov.np
vital@donidcr.gov.r

पत्र संख्या : २०८१/०८२
चलानी नं. पं./सा.सु. 20

मितिः २०८१।०४।२३
ने.सं. ११४४ गुँलाथ्व, ३

विषयः प्रशिक्षक प्रशिक्षण (TOT) कार्यक्रम सम्बन्धमा।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३८९
दर्ता मितिः- ४।२४

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ बमोजिम व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्य मुलुकभरका ६७४३ वडा कार्यालयहरुवाट भईरहेको विदितै छ। समाजको विकाससँगै व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यको गहनता, संवेदनशीलता र जटिलता समेत बढ्दै गएको सन्दर्भमा व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई गुणस्तरीय र प्रभावकारी बनाउन स्थानीय पञ्जिकाधिकारीको क्षमता विकास गर्न आवश्यक रहेको र सो का लागि विभागबाट सिमित जनशक्तिले क्षमता विकास सम्वन्धी तालिम कार्यक्रम सञ्चालन गर्न कठिन हुने हुँदा जिल्ला तथा स्थानीयस्तरमा नै व्यक्तिगत घटना दर्ता सम्बन्धी प्रशिक्षण प्राप्त प्रशिक्षकहरु तयार गर्न आवश्यक देखिन्छ। उल्लिखित विषयलाई मध्यनजर गरी विभागको चालु आ.व.२०८१/२०८२ को वार्षिक स्वीकृत कार्यक्रममा प्रदेश सरकारका तालिम प्रदायक संस्थाहरुसँगको समन्वयमा व्यक्तिगत घटना दर्ता सम्बन्धी प्रशिक्षक प्रशिक्षण (TOT) कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम रहेको हुँदा प्रदेश सरकारका सम्बन्धित निकायहरुमा आवश्यक समन्वय गरिदिनु हुन प्रशिक्षक प्रशिक्षण (TOT) कार्यक्रम सम्बन्धमा विभागले तयार गरेको अवधारणा पत्र (पाना ३) यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(मनि कुमार तामाङ्ग)
शाखा अधिकृत

बोधार्थः
श्री गृह मन्त्रालय, सिंहदरबार।